Ref. N-24/013-15

## प्रेस विज्ञप्ति

### सामाजिक सदभाव तथा संयमता कायम राख्न हार्दिक अपिल।

मातृभूमिले भर्खरै गएको महाविनाशकारी भूकम्पबाट ठुलो जनधनको क्षति व्यहोरेको र राष्ट्र पुनर्निर्माणमा सबै नेपालीहरु एकजुट भएर लागिरहेको तथा यही समयमा संविधान निर्माण प्रक्रिया अन्तिम चरणमा पुगी संविधान जारी हुने अवस्थामा हिजो २०७२ भाद्र ७ गते सोमवारका दिन कैलालीको टिकापुरमा भएको घटनाले नेपाल बाहिर बस्ने सम्पूर्ण गैरआवासीय नेपालीहरुलाई स्तब्ध र मर्माहत बनाएको छ।

कर्तव्य पालनको शिलशिलामा अत्यन्तै संयमताका साथ मैदानमा खटिएका बेला ज्यान गुमाउन विवश नेपाल प्रहरीका बरिष्ठ उपरीक्षक, प्रहरी अधिकृत प्रहरी जवान तथा मृतकप्रति संघ हार्दिक समवेदना प्रकट गर्दछ।

शान्तिपूर्ण आन्दोलनका क्रममा राष्ट्रसेवक प्रहरी अधिकारीमाथि भएको यो अमानवीय तथा त्रासदिपूर्ण हमलाको गैरआवासीय नेपाली संघ घोर भत्र्सना गर्दै यस घटनाको सत्य तथ्य बुझि दोषि उपर कडा कार्वाहीको लागि नेपाल सरकार समक्ष अनुरोध गर्दछ।

बर्षौंको संघर्ष तथा सयौं सहिदहरुको वलिदानपछि संविधान घोषणा हुने यस संवेदनशील घडीमा नेपालका विविध क्षेत्रहरुमा हिंसात्मक प्रदर्शन भईरहेकोमा हामी अत्यन्तै दुखित छौं। यसले कतै संविधान निर्माण प्रकृयालाई नै बिलम्ब गरी मुलकमा सबृद्धि ल्याउने गैरआवासीय नेपालीको चाहनामा तुषारापात हुने त हैन भन्ने हामीलाई गहिरो चिन्ता लागेको छ। यो जटिल परिस्थितिमा हामी नेपालका सबै राजनीतिक दल, आन्दोलनमा उत्रिएका राजनीतिक पक्ष तथा समूह, सरकार नागरिक अगुवा र आम नेपाली जनतासंग संयमता अपनाउन, कुनै पनि भड्किला व्यवहार नदेखाउन र सद्भाव कायम गर्न हार्दिक अपिल गर्दछौं।

मन केसी
प्रवक्ता,
अन्तर्राष्ट्रिय समन्वय परिषद
गैरआवासीय नेपाली संघ।

मिति : २०७२ भाद्र ८